मिति २०७५ चैत्र १५ गते

# कृषि विकास बैंक लिमिटेडको बाह्रौ साधारण सभा सम्पन्न
# १५.०५३ प्रतिशत नगद लाभांश र ६ प्रतिशत वोनस शेयर दिने निर्णय

कृषि विकास बैंक लि. ले आर्थिक बर्ष २०७४/७५ को मुनाफाबाट आफ्ना साधारण शेयरधनीहरुलाई १५.०५३ प्रतिशत नगद लाभांश र ६ प्रतिशत वोनस शेयर दिने निर्णय आज सम्पन्न बाह्रौ साधारण सभाले गरेको हो। त्यसैगरी नेपाल सरकारको अग्राधिकार शेयरमा समेत तोकिए वमोजिम ६ प्रतिशत नगद लाभांश दिने प्रस्ताव साधारण सभाबाट स्वीकृत भएको छ।

जस अनुसार २०७५ साल आषाढ मसान्तमा कायम रहेको नेपाल सरकारको अग्राधिकार शेयर रु. ५ अर्ब ४३ करोड २७ लाख १२ हजार लाई वार्षिक ६ प्रतिशतले हुने रकम रु. ३२ करोड ५९ लाख ६२ हजार ७२० नगद लाभांश र साधारण शेयर चुक्ता पुंजी रु.८ अर्ब ५० करोड ५२ लाख १६ हजार को लागि ६ प्रतिशत बोनस शेयर वापत रु. ५१ करोड ३ लाख १२ हजार ९६० र नगद लाभांश वापत १५.०५३ प्रतिशतले हुने रु.१ अर्ब २८ करोड २ लाख ५८ हजार ८३० शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव साधारण सभाबाट पारित भएको छ। यो निर्णयबाट देशका कुना काप्चामा रहेका करिव २ लाख ४५ हजार शेयरधनीहरु लाभान्वित भएका छन्।

हाल बैंकको साधारण शेयर पुंजी रु. ८ अर्ब ५० करोड ५२ लाख १६ हजार र नेपाल सरकारको अविमोच्य अग्राधिकार शेयर पुंजी रु.५ अर्ब ४३ करोड २७ लाख १२ हजार गरी चुक्ता पुंजी रु.१३ अर्ब ९३ करोड ७९ लाख २८ हजार कायम रहेकोमा आज पारित ६ प्रतिशत वोनस शेयरले हुने रकम रु. ५१ करोड ३ लाख १२ हजार ९६० समेत समावेश गर्दा बैंकको चुक्ता पुंजी रु.१४ अर्ब ४४ करोड ८२ लाख ४० हजार ९६० हुने भएको छ भने साधारण चुक्ता पुंजी रु.९ अर्ब १ करोड ५५ लाख २८ हजार ९६० पुग्नेछ।

बैंक सञ्चालक समितिका अध्यक्ष क्षेत्र बहादुर सेंजुवालले उक्त साधारण सभामा बैंकको आर्थिक वर्ष २०७४/७५को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु (पूरक समेत) र देशको आर्थिक तथा बैकिङ्ग क्षेत्रको अवस्था तथा चालु आर्थिक वर्ष २०७५/७६ को पौष मसान्तसम्मको कार्य सम्पादनको संक्षिप्त विवरण र भावी कार्ययोजना समेत प्रस्तुत गर्नु भएको थियो।

बैंकमा २०७५ साल पौष मसान्तसम्ममा निक्षेप रकम रु.१ खर्ब ६ अर्ब ५७ करोड ७ लाख पुगेको छ भने लगानीमा रहीरहेको कर्जा रु.१ खर्ब ६ अर्ब ६६ करोड रहेको छ। बैंकले २०७५ साल पौष मसान्तसम्ममा रु.१ अर्ब ५१ करोड ६६ लाख नाफा आर्जन गरेको छ। पौष महिनामा कुल कर्जामा निष्कृय कर्जाको अंश २.१४ प्रतिशत कायम रहेको छ।

बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरिएको छ। अत्यधिक प्रतिस्पर्धात्मक वजारमा समेत बैंक चालु आर्थिक बर्षमा कर्जा तथा सापट, कुल आम्दानी, खुद नाफा लगायतका अधिकांश सूचकांकहरुमा प्रगति गर्न बैंक लागि परेको छ ।

यो बैंक २०७५ साल माघ ७ गते ५२ औं वर्षमा प्रवेश गरेको छ। यसै सन्दर्भमा बैंकले संस्थागत सामाजिक सामुदायिक उत्तरदायित्व अर्न्तगत रु. ५१ करोड ३ लाख १२ हजार ९६० वाढिपीडित, वृद्धाश्रम, खानेपानी, मठमन्दिर, स्कूल हाटबजार यात्री प्रतीक्षालय आदिमा आवश्यकता अनुसार सहयोग गर्दै आएको छ।

हाल बैंकका २५५ कार्यालयहरूमा Core Banking System जडान भई कारोवार सञ्चालन भैरहेको, २९ स्थानबाट लकर सुविधा प्रदान गरिएको, ६३ कार्यालयबाट ATM सुविधा प्रदान भएको, २२८ वटा शाखा २३६ वटा कार्यालयबाट CASBA सुविधा उपलब्ध गराइएको, २५० वटा कार्यालयबाट रेमिट सुविधा उपलब्ध गराइएको, २३५ कार्यालयहरूबाट Online बैंकिङ्ग सेवा प्रदान हुँदै आएको र ३३ वटा कार्यालयहरूबाट सरकारी कारोबारको सेवा प्रदान हुँदै आएको छ। साथै Internet Banking सेवा, ATM सेवा विस्तारसँगै VISA कार्ड, SMS तथा Mobile Banking, IPS, ASBA, C-ASBA जस्ता अत्याधुनिक बैंकिङ्ग सेवाहरूको दायरा थप फराकिलो बनाउँदै

लगिएको छ । भविष्यमा ग्राहकको माग अनुसार अत्याधुनिक प्रविधिमा थप विस्तार गरी नयाँ वस्तु तथा सेवा उपलब्ध गराउने प्रतिवद्धता समेत जनाइएको छ । बाह्रौ साधरणसभामा “ख” समूहका सर्वसाधरण शेयरधनीहरुको तर्फबाट ४ वर्षे कार्यकालका लागि क्रमशः श्री संजिव पौडेल, श्री हरिप्रसाद पराजुली र श्री विनोद कुमार गुरांगाई बैंक संचालक सदस्यपदमा र्निविरोध निर्वाचित समेत हुनभएको छ ।

साधारण सभामा शेयरधनीहरुले उठाउनु भएको विभिन्न जिज्ञासाहरुको जवाफ बैक संचालक समितिमा अध्यक्ष क्षेत्र बहादुर सेंजुवाल तथा बैकका प्रमुख कार्यकारी अधिकृत अनिल कुमार उपाध्यायले दिनु भएको थियो भने कार्यक्रम संचालन कम्पनी सचिव निर्मल प्रसाद उपाध्यायले गर्नुभएको थियो ।




हिमलाल पौडेल
प्रवक्ता
कृषि विकास बैंक लि.